नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.................................................. शाखा)

सिंहदरबार, काठमाण्डौ

प.सं. :
च.नं. :

## प्रेस विज्ञप्ति

नेपाल सरकारले मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको उपलक्ष्यमा मानव अधिकारको क्षेत्रमा काम गर्ने व्यक्ति र संस्थालाई कदर गर्ने उद्देश्यले मानव अधिकार पुरस्कार अक्षय कोष स्थापना गरी वि. स. २०७८ देखि मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने एकजना व्यक्ति र एउटा संस्थालाई पुरस्कृत गर्ने कार्य प्रारम्भ गरेको छ। यस वर्ष २०७९ मा मानव अधिकार पुरस्कार प्रदान गर्न सार्वजनिक सूचना आव्हान गरी प्राप्त आवेदनहरुको विज्ञद्वारा मूल्यांकन भै प्राप्त सिफारिशको आधारमा व्यक्ति तर्फ प्रा.डा. कपिलमान श्रेष्ठ (काठमाडौं) लाई लामो समयदेखि मानव अधिकारका विभिन्न विधामा अध्ययन, अनुसन्धान, अध्यापन, लेख रचनाहरुको प्रकाशन, प्रवर्द्धन , पैरवी, संरक्षण र सम्मान सम्बन्धी कार्यमा निरन्तर रुपमा पुऱ्याएको योगदानको लागि मानव अधिकार पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ । त्यसैगरी संस्थातर्फ श्री मानव सेवा आश्रम, (काठमाडौं) लाई सडकपेटी तथा अन्य सार्वजनिक स्थलहरुमा परित्यक्त, असहाय, असमर्थ, बेवारिस रुपमा रही अत्यन्तै कष्टपूर्ण रुपमा जीवनयापन गरिरहेका व्यक्तिहरुको उद्धार, उपचार, परामर्श, लालन पालन, संरक्षण र त्यस्ता व्यक्तिको शवको सद्गत वा व्यवस्थापन लगायतका कार्य गरी मानव अधिकारको संरक्षणमा पुऱ्याएको योगदानको लागि मानव अधिकार पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ ।

मानव अधिकार पुरस्कारबाट सम्मानित व्यक्ति तथा संस्थालाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय हार्दिक बधाई तथा शुभकामना प्रकट गर्दछ ।

मितिः २०७९ मंसिर २४ गते (डिसेम्बर १०, २०२२)

(विशाल नेम्बाङ)
शाखा अधिकृत

फोन नं.: ०१-४२००२२५, ४२११९७४, ४२११९८७, फ्याक्स नं. ०१-४२११६८४ इमेल: infolaw@moljpa.gov.np